# मनकामनाबाट सुरुभयो प्रकाशको छायांकन

**हिमालय टाइम्स**
**काठमाडौं, २७ फागुन**




युवास्टार प्रदीप खड्काको मुख्य भूमिका रहने नयाँ चलचित्र 'प्रकाश'को मनकामनाबाट छायांकन सुरु गरिएको छ ।

दिनेश राउतको निर्देशनमा बन्न लागेको यो चलचित्र बिहीवार शिवरात्रीको अवसरमा मनकामना मन्दिर पुगेर चलचित्रका कलाकार, निर्देशक, निर्माता र प्राविधिक टोलीबाट क्यामेरा, क्ल्याप र स्क्रिप्ट पूजा गरियो ।

मुहूर्तसँगै चलचित्रको जम्बो टिम छायांकनका लागि जुम्ला प्रस्थान गरेको छ । फिल्मको सुरुवातदेखि अन्तिमसम्मको सम्पूर्ण दृश्य त्यही खिचिनेछ ।

अभिनेता प्रदीप खड्का र नवअभिनेत्री रेनु योगीको जोडी बाँधिएको चलचित्रमा दीया मास्के, प्रकाश घिमिरे, राजन खतिवडा, रामबाबु रेग्मी, निरज पन्थी (आँपे), हुम विसी, प्रशान्त श्रेष्ठ, गोविन्द सुनवार, दीपेन्द्र शाहीलगायत कलाकारको अभिनय रहनेछ ।

जुम्लाको एक निम्न वर्गीय परिवारको युवाले सरकारी शिक्षक बन्न गर्ने संघर्षको कथा फिल्मले वाचन गर्नेछ । विनिश इन्टरटेनमेन्टको ब्यानरमा निर्माण हुन लागेको यो चलचित्रमा महेन्द्र अधिकारीको एकल लगानी रहनेछ । राजेश श्रेष्ठको छायांकन रहने फिल्मको कथा विकास सुवेदीले लेख्नुभएको हो । कलाकार अनुप बराल कास्टिङ डाइरेक्टर रहेको फिल्ममा तारा प्रकाश लिम्बु, एलिसा कार्की, दीपक शर्माको संगीत छ ।

# महाशिवरात्रीमा मनीषाको भजन गीत

**हिमालय टाइम्स**
**काठमाडौं, २७ फागुन**



नेपाली चेली बलिउड अभिनेत्री मनीषा कोइरालाले स्वर दिनुभएको भजन गीत सार्वजनिक गरिएको छ । 'महामृत्युञ्जय' बोलको भजन गीतमा मनीषालाई गायिका सरस्वती खत्री तथा तबलावादक श्रेष्ठले साथ दिनुभएको छ । बिहीबार आयोजित गीत सार्वजनिक कार्यक्रममा मानिस अस्वभाविक मृत्युबाट बच्न र राम्रो स्वास्थ्यका लागि यो मन्त्र तयार पारिएको मनिषाले बताउनु भएको छ । उहाँले पश्चिमी र पूर्वी संगीतमा यसलाई तयार पारेको बताउनुभयो । यो मन्त्रको भिडियो निर्देशन तथा सम्पादन अनुप सापकोटाले गर्नुभएको हो । महाशिवरात्रिको अवसर पारेर मनीषाले भजन सार्वजनिक गरिएको हो । साढे चार मिनेट लामो भजनमा कोइरालाको स्वरमा मन्त्र पाठ तथा गायन समेटिएको छ । 'सुरसुधा' सँगको सहकार्यमा भजनलाई दर्शक माझ ल्याइएको हो । सुरसुधाका तबलाबादक सुरेन्द्र श्रेष्ठले महामृत्युञ्जय मन्त्रलाई आफैँले संगीतवद्ध गरेर तयार गर्नुभएको हो ।

# कोटेश्वरमा अनिल सिंहको लाइभ कन्सर्ट

**हिमालय टाइम्स**
**काठमाडौं, २७ फागुन**




कोरोना भाइरसको संक्रमणको जोखिम कम भएसँगै राजधानी शहर पुरानै लहरमा फर्किसकेको छ । महानगरका मनोरञ्जनस्थलहरू विस्तारै गुल्जार हुन थालेका छन् । यसैक्रममा काठमाडौंको एउटा व्यस्त शहर कोटेश्वर चौकमै एउटा आकर्षक लाउञ्ज सञ्चालनमा आएको छ ।

कोटेश्वर ट्राफिक कार्यालयको पछाडि रिङरोडमै अवस्थित ह्याङआउट लाउञ्ज एण्ड क्लबको शुक्रबार औपचारिक उद्घाटन गरिँदैछ । नेपाली फिल्मको सुपरस्टार भुवन केसीको प्रमुख आतिथ्यमा सम्पन्न हुने उद्घाटन समारोहमा लोकप्रिय गायक अनिल सिंह आकर्षणको केन्द्रमा रहनुहुनेछ । उद्घाटन समारोहलाई मनोरञ्जक बनाउन गायक सिंहले लाइभ कन्सर्टमार्फत आफ्ना लोकप्रिय गीत-संगीत प्रस्तुत गर्दैछन् । गायक सिंहलाई उनको रकस्टार सुपरस्टारको समूहले गायनमा साथ दिनेछ ।

कार्यक्रममा गायक सिंहलाई नेपाल आइडलकी गायिका सन्ध्या जोशी, भ्वाइस अफ नेपालकी गायिका श्रेया राई तथा नेपाल स्टारकी गायिका समीक्षा दाहालले गायनमा साथ दिनुहुनेछ । कन्सर्टको क्रममा गायक सिंहलाई ट्रेजर ब्याण्ड तथा ह्याङआउट ब्याण्डले ब्यापकअप ब्याण्डको रुपमा साथ दिनेछन् ।

कोटेश्वर चौकमा आकर्षक साज-सज्जासहित सञ्चालनमा आएको 'ह्याङआउट लाउञ्ज एण्ड क्लबले स्वादिष्ट खानासहित स्वस्थ्य मनोरञ्जन प्रस्तुत गर्ने लाउञ्जका सञ्चालकद्वय आशिष खड्का तथा राम थापा शिशिरले जनाउनु भएको छ ।

कोटेश्वर चौकस्थित सिटी टावरको दोस्रो तल्लामा अवस्थित ह्याङआउट लाउञ्ज एण्ड क्लबमा प्रत्येक साँझ छ बजेदेखि साढे ११ बजेसम्म लाइभ म्युजिक कार्यक्रम सञ्चालन हुनेछ । लाउञ्जमा स्वदेशी तथा विदेशी बाण्डका मदिराका साथै नेपाली, इण्डियन, चाइनिज आदि परिकार उपलब्ध छन् ।

# आशलाग्दो लप्पन छप्पन २ ट्रेलर

**हिमालय टाइम्स**
**काठमाडौं, २७ फागुन**

विगत एकवर्ष देखी नेपाली हलहरूले दर्शकको उल्लेख्य संख्या देख्न नपाइरहेको बेला आउँदो चैत २७ गतेबाट 'लप्पन छप्पन २' प्रदर्शन हुनेभएको छ । बिहीबार सार्वजनिक चलचित्रको ट्रेलरले थप आशा जगाएको छ ।

सार्वजनिक ट्रेलर एक्सनले भरिएको छ । चलचित्रको गोल्डेन हिल्स पिक्चर्सको ब्यानरमा एपी एजुकेशन अष्ट्रेलियाको सहकार्यमा निर्माण भएको यो चलचित्रका प्रस्तुतकर्ता खिलेन्द्रराज तिम्सिना हुनुहुन्छ ।

चलचित्रलाई मुकुन्द भट्टले निर्देशन गर्नुभएको हो । चलचित्रमा शिव श्रेष्ठ, सौगात मल्ल, अर्पण थापा, अनुपविक्रम शाही, गोविन्द शाही, प्रकाश कुँवर, दीपक क्षेत्री, नवीन मानन्धरलगायत कलाकारको अभिनय छ । पैसा र शक्तिको भिडन्तलाई चलचित्रले प्रस्तुत गरेको छ । चलचित्रको ट्रेलरमा अनुपविक्रम शाहीलाई खलनायकको रूपमा देखाइएको छ । यूरोपका ४ देश, अष्ट्रेलिया र नेपालमा छायांकन गरिएको चलचित्रको बजेट ३ करोडमाथि रहेको बताइएको छ ।

पुरुषोत्तम प्रधानको छायांकन रहेको चलचित्रमा मिलन श्रेष्ठको सम्पादन छ । चलचित्रमा प्रकाश कुँवर, चिजकुमार श्रेष्ठ, निर्मलकुमार मिश्र, सुदीप चन्द्र बखेल, सन्तोष चन्द्र बखेलको लगानी छ । निर्देशक मुकुन्द भट्टले चलचित्र निर्माण गर्न निकै नै गाह्रो भएको बताउँदै कोभिडपछि आफूहरू जोखिम मोल्न तयार भएको बताए । चलचित्रले दर्शकलाई हलसम्म तान्ने अपेक्षा उहाँको थियो । कार्यक्रममा नायक भुवन केसी, निर्देशक निश्चल बस्नेत, कलाकार प्रशान्त ताम्राकारले चलचित्रलाई सफलताको शुभकामना दिनुभएको थियो ।

# पश्चिम बंगालकी मुख्यमन्त्री बनर्जीमाथि आक्रमण

**एजेन्सी**
**कलकत्ता, २७ फागुन**

भारतको पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीमाथि नदीग्राममा बुधबार भएको सांघातिक आक्रमणमा अनुसन्धान सुरु गरिएको छ । पूर्व मोदिनीपुरका जिल्ला अधिकारी र प्रहरी अधिक्षकले नदीग्रामको बिरुलिया बजारमा उहाँमाथि धक्का दिंदा उहाँ घाइते हुनुभएको छ ।

घटनापछि मुख्यमन्त्री बनर्जी अस्पताल भर्ना हुनुभएको छ । उहाँको दायाँ काँध, गर्दन र गोडाको हडड्ीमा गम्भीर चोट लागेको उपचारमा संलग्न चिकित्सकले जनाएका छन् । कोलकात्ताको सरकारी अस्पतालमा उपचार गराइरहनुभएकी बनर्जीलाई ४८ घण्टासम्म अस्पतालकै निगरानीमा राखिने बताइएको छ ।

मुख्यमन्त्री बनर्जी घाइते भएसँगै तृणमुल कांग्रेसले बिहीवार गर्ने भनिएको सम्पूर्ण कार्यक्रम रद्द गरेको छ । पार्टीका अधिकारीले चुनाव आयोगका अधिकारसँग भेटेर घटनाको उजुरी दर्ता गरेका थिए । पार्टीका नेताहरूले भारतीय जनता पार्टीले आक्रमण गराएको आरोप लगाउँदै त्यसको जिम्मेवार चुनाव आयोग भएको बताएका छन् ।

उता भारतीय जनता पार्टीका प्रतिनिधिले भने ममता बनर्जीको आक्रमणलाई नौटकंकी भन्दै चुनाव आयोगसँग निष्पक्ष छानविनको माग गरेको छ । पश्चिम बंगालका भाजपा उपाध्यक्ष अर्जुन सिंहले जेड प्लस सुरक्षा घेरमा बाहिरको मानिस कसरी गएर आक्रमण गर्छ भन्दै प्रश्न गर्नुभएको छ । उहाँले जनताको सहानभुति पाउनका लागि बनर्जीले नौटंकी गरेको बताउनुभएको छ ।

पश्चिम बंगालमा विधान सभाको चुनाव हुन लाग्दा मुख्यमन्त्रीमाथि भएको आक्रमणलाई गम्भीर रुपमा लिइएको छ । त्यहाँ मार्च २७ देखि अप्रिल २९ सम्म आठ चरणमा चुनाव हुन लागेको छ ।

यसैबीच दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले पनि मुख्यमन्त्री बनर्जीमाथि भएको आक्रमणको कडा शब्दमा निन्दा गर्नुभएको छ । उहाँले घटनामा संलग्नलाई पक्राउ गरी कारवाही गर्नुपर्ने माग गर्दै शीघ्र स्वास्थ्यलाभको कामना पनि गर्नुभएको छ ।

# उत्तराखण्डमा तीरथसिंह रावत नयाँ मुख्यमन्त्री

**एजेन्सी**
**देहरादुन, २७ फागुन**

भारतको उत्तराखण्ड राज्यमा नयाँ मुख्यमन्त्रीका रुपमा तीरथसिंह रावतले शपथ लिनुभएको छ । उहाँले उत्तराखण्डको नवौं मुख्यमन्त्रीका रुपमा शपथ लिनुभएको हो । भारतीय जनता पार्टी (भाजपा)ले तीरथसिंह रावतलाई नया मुख्यमन्त्रीका रुपमा चयन गरेको हो ।

मुख्यमन्त्रीका लागि अन्य केही नेताहरूको नाम सिफारिस गरिए पनि बुधबार बसेको उत्तराखण्डको भाजपा संसदीय दलको बैठकले तीरथसिंहको नाम अनुमोदन गरेको थियो ।

तीरथसिंह २०१३ को फेब्रुअरीदेखि २०१५ को डिसेम्बरसम्म उत्तराखण्ड भाजपा प्रमुख हुनुहुन्थ्यो । उत्तराखण्डको पौडी-गढवाल संसदीय सीटको सांसद रहनुभएका रावतलाई बीजेपी विधायक दल का नेता चुनिएको थियो ।

यसअघि मुख्यमन्त्री त्रिवेन्द्रसिंह रावतले मंगलबार आफ्नो पदबाट राजीनामा दिनुभएको थियो ।

## Molung Rural Municipality
## Office of Rural Municipal Executives
Prapcha, Okhaldhunga
Province 1, Nepal

**Invitation for Bids for the Construction of Primary Hospital (5- Bed)**

**IFB No: MOLUNG.MUN.NCB.BLDG.01/077/78**
**Contract Identification No: MOLUNG.MUN.NCB.BLDG.01/077/78**
**Date of publication: 12-03-2021**

1. The Government of Nepal [GoN] has allocated funds towards the cost of Construction of Primary Hospital (5- Bed ) intends to apply part of the funds to cover eligible payments under the Contract for Construction of Primary Hospital (5-bed)(Contract No: MOLUNG.MUN.NCB.BLDG.01/077/78). Bidding is open to all eligiblebidders as per Section V of Bidding Document.
2. Molung Rural Municipality, Okhaldhunga invites sealed bids or electronic bids from eligible bidders for the construction of the project includes constructionof primary hospital as per as the design and drawing, and instruction of the engineer and site incharge, under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: **4,00,00,000**
   Minimum Work experience of similar size and nature: 3 years
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separatesealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in onesealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Molung Rural Municipality, Prapcha, Okhaldhunga, Molung Rural Municipality, Prapcha, Okhaldhunga Province one, Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. If hard-copy is allowed then a complete set of Bidding Documents may be purchased from the office of Molung Rural Municipality, Prapcha, Okhaldhunga, Molung Rural Municipality, Prapcha, Okhaldhunga Province one, by eligible Bidders on the submission of a written application, along with the copy of company/ firm registration certificate, and upon payment of a non-refundable fee of 3000.0 NRs. till 12-04-2021 17:00 during office hours.
   Or
   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents asmentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document inthe Project's Rajaswa (revenue) account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank** : **Sunrise Bank Ltd.**
   **Name of Office** : **Molung Rural Municipality, Okhaldhunga**
   **Office Account No. (Rajaswa Khata)** : **ga-1-1-0880515147703008**
6. Pre-bid meeting shall be held at Molung Rural Municipality Prapcha, Okhaldhunga Province one Nepal at 28-03-2021 8:55 hours.
7. Sealed or electronic bids must be submitted to the office Molung Rural Municipality, Prapcha, Okhaldhunga, Molung Rural Municipality, Prapcha, Okhaldhunga Province one, Nepal by hand/courier or through PPMO's e-GP systemwww.bolpatra.gov.np/egp on or before 12-04-2021 11:59. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 12-04-2021 14:00 hours at the office of Molung Rural Municipality, Prapcha, Okhaldhunga, Molung Rural Municipality, Prapcha, Okhaldhunga Province one Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security orscanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 1450000 whichshall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall beconsidered as the last date. In such case the validity period of the bid security shall remain the same as specified forthe original last date of bid submission.

**Chief Administrative Officer**

## Manahari Rural Municipality
## Office of Rural Municipal Executive
**Rajaiya, Makwanpur**
**Bagmati Province, Nepal**

## Invitation for Bids

**First Date of Publication: 2077/11/28**

The Manahari Rural Municipality, Office of Rural Municipal Executive, Rajaiya, Makwanpur invites *electronic bids* for the following goods and works under Sealed Quotation.

| S. N. | Contract Identification No. | Works Description | Bid Security Amount (NRs) | Bid Document Cost (NRs.) (Non refundable) |
|---|---|---|---|---|
| 1 | **Pro/SQ/MAN-08/077-078** | Procurement, supply & delivary of GI pipe for ward 3 | 25,000.00 | 1,000.00 |
| 2 | **Pro/SQ/MAN-09/077-078** | Procurement, supply & delivary of HDPE pipe for ward 1 | 40,000.00 | 1,000.00 |
| 3 | **Pro/SQ/MAN-10/077-078** | Procurement, supply & delivary of HDPE pipe for Makari,ward 1 | 40,000.00 | 1,000.00 |

Eligible Bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp or Manahari Rural Municipality, Office of Rural Municipal Executive, Rajaiya, Makwanpur.

**Chief Administrative Officer**

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Federal Road Supervision and Monitoring Office Kathmandu
Road Division Charikot

**Invitation for Bids**

Notice No.: 08/077/78
First Publication Date: 2077/11/28 (2021-03-12)

Road Division Charikot invites sealed quotation from registered eligible contractors for road construction works in Dolakha district .
For detail eligible bidders may visit www.bolpatra.gov.np/egp/ or Road Division Charikot notice board.

**Division Chief**

Scanned with CamScanner